**सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय**
**वडडाँडा, प्यूठान जिल्ला, लुम्विनी प्रदेश, नेप**





**प्रतिबेदक :**

**पार्वता आचार्य**

**इमेल : parbata722@gmail.com**

**बिषयसुची :**

१. पृष्ठभूमि तथा परिचय

२. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उद्देश्य

३. लैससास परिक्षणको महत्व

४. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले समेट्ने बिषय क्षेत्रहरु

५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको बिधि र तरिकाहरु

६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका सहभागिहरु

७. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका औजारहरु

८. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणबाट आएका मुख्य प्राप्तिहरु

९. लैगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजा

क. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंक तालिका

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजाको माकुरी जालो बिश्लेषण १ र २

ग. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजाको बार ग्राफद्धारा बिश्लेषण १ र २

१०. लैससास परिक्षण सुचक बिश्लेषण तालिका

११. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणबाट प्राप्त सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु

१२. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण बिकास कार्य योजना

१३. सुझाव

१४. निष्कर्ष

१५ अनुसुचिहरु

अनुसूचि १ लैससास परिक्षण कार्यतालिका

ऋनुसुची २ लैससास परिक्षण कार्यशालामा सहभागिहरुको हाजिरी बिबरण

अनुसूचि ३ सरुमारानी गाउँपालिकाका लैससास सम्बन्धी दस्तावेजहरु

अनुसूचि ४ लैससास परिक्षण अवधीका तस्वीरह

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण प्रतिवेदन
# आर्थिक बर्ष २०७९।०८०

**पृष्ठभूमि :**

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैंगिक समानता र सामाजिक समाबेशीकरण सुनिश्चित गर्ने संकल्प गरेको छ । संविधानमा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको ब्यबस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकार सुनिश्चित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । उक्त ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । सोही दफाको उपदफा (३) मा स्थानीय तहले आफ्ना योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण भन्नाले कुनै पनि निकायको लैङ्गिक समानता तथा सामाजिक समाबेशीताको बिद्यमान अवस्था बिश्लेषण वा लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ । लैससास परिक्षणले सरकारी निकाय वा कुनै पनि संघसंस्थाको निति, योजना तथा कार्यक्रम र बजेट बिनियोजन साथै कार्यान्वयन प्रक्रियामा सबै बर्ग, समुदाय, जातजाती र क्षेत्रका **महिला र पुरुषको सन्तुलित अवसर तथा लाभ सुनिश्चित** गर्न मार्गनिर्देश गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले **महिला र पुरुषको लागि छुट्टा छुट्टै बजेट विनियोजन भए नभएको अवस्थाको मात्र** लेखाजोखा गर्दैन । लैससास परिक्षणले कुनैपनि निकायको नीति तथा कानुन निर्माण प्रक्रिया, लैंङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम निर्माण, स्रोत साधन बाँडफाँड र परिचालनमा लैंङ्गिक समानता तथा सामाजिक समाबेशीता सम्बन्धी संबेदनशिलता अवलम्वन प्रक्रिया र लैससास सुनिश्चितताका लागि गरिएका बिद्यमान अभ्यासको लेखाजोखा गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले संघ, प्रदेश र स्थानीय तह साथै कुनै पनि सरकारी निकाय वा सामाजिक संघसंस्थाको निति, कानुन र योजना निर्माण, बजेट बाँडफँड, संस्थागत ब्यबस्था, सेवा प्रबाह, मानव संशाधन बिकास र सुशासनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक सन्तुलनको अवस्था लेखाजोखा गर्दछ ।

सरुमारानी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण गर्ने क्रममा नेपालको संविधान २०७२, पन्ध्रौ योजना र राष्ट्रिय कार्य योजना, स्थानीय सरकार संचालन ऐन २०७४ तथा नियमावली,

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण दिग्दर्शन २०७८ लगायत गाउँपालिकाले निर्माण गरेका कानुन, नीति तथा कार्यबिधि, आबधिक योजना, बार्षिक योजना तथा बजेट, बार्षिक प्रगति प्रतिबेदन र कार्यपालिकाको निर्णय पुस्तिकाहरुलाई आधार मानिएको छ । त्यसैगरी महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९, दिगो बिकास लक्ष्य २०३०, बेइजिङ कार्यायोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२० लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई गाउँपालिकाले अपनत्व लिई स्थानीयकरण गरे नगरेको बारे लेखाजोखा गरिएको छ ।

**गाउँपालिकाको संक्षिप्त परिचय :**

प्यूठान जिल्लाको ९ वटा स्थानीय तहहरु मध्ये सरुमारानी गाउँपालिका प्यूठान जिल्ला प्रबेश साथै प्रमुख धार्मिक स्थल स्वर्गद्धारीको प्रबेश बिन्दुमा रहेको छ । पूर्व पश्चिम राजमार्गबाट ८ कि.मि. को दुरीमा सिमा आरम्भ हुने यो गाउँपालिका जिल्ला सदरमुकाम देखि १७ कोषको दुरीमा दक्षिण पश्चिम भागमा अवस्थित छ । साबिकका बाङ्गेशाल, ढङ्गेगढी, हंसपुर, गरी ३ वटा गाबिस साथै तिरामको २ वटा वडा र धुवाङको २ वटा वडाहरु समेटेर बनेको सरुमारानी गाउँपालिका ६ वटा वडामा बिभाजित छ । सरुमारानी गाउँपालिकाको भुभाग २१५७.९७ बर्ग.मी. छ । यस गाउँपालिकाको पूर्वमा ऐरावती र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका, पश्चिममा दाङ्ग जिल्लाको बंगलाचुली गाउँपालिका, उत्तरमा ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिका र दक्षिणमा दाङ्ग जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको सीतगंगा नगरपालिकासंग सिमाना जोडीएको छ । यो गाउँपालिका समुद्री सतहबाट ८६० मिटर देखि २८०० मिटर सम्मको उचाइमा अवस्थित छ । बनजंगल, खोला नाला, धार्मिक स्थल लगायतका पर्यटकीय क्षेत्रहरु छन । यस गाउँपालिका भित्र सबै वडाहरुमा सडक संजाल बिस्तार भएको छ ।

बि.स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या ४४५३ छ । कूल जनसंख्या १९७८३ छ, जस मध्ये महिला संख्या १०९५१ (५५.३६ प्रतिशत) र पुरुष संख्या ८८३२ (४४.६४ प्रतिशत) छ । यस गाउँपालिकाको साक्षरता ७९.१५ छ, जसमध्ये महिला साक्षरता ७३ प्रतिशत र पुरुष ८६.९८ प्रतिशत छ । जनसंख्याको हिसावले मगर जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मुश्लिम, दलित, अन्य जनजाती, सन्यासी आदिको बसोबास रहेको छ । यहाँका मानिसहरु हिन्दु धर्म, इशलाम धर्म साथै क्रिश्चियन धर्म मान्नेहरु समेत छन । यहाँका बासिन्दाको मुख्य चाड दशै, तिहार, इद, जनैपुर्णिमा, बुद्ध जयन्ती आदि हुन । मगर जातीको बसोबास रहेपनि नेपाली भाषा नै प्रयोग गरेको पाइन्छ । पञ्चेबाजा, सोरठी नाँच र परम्परागत भेषभुषा प्रचलनमा छन् । प्रमुख धार्मिक तिर्थस्थल स्वर्गद्धारी जाने प्रवेशद्धार मानिन्छ । त्यसैगरी मोक्ष प्राप्तिको लागि पबित्र मानिने परिचति ऐरावती पनि यो गाउँपालिकासंग सिमाना जोडिएको छ । उक्त नदिमा शुरुवात हुन गइरहेको चर्तित नौमुरे बहुउद्देश्यीय जलबिद्युत आयोजना यहाँका बासीन्दाहरुको बिकासको अपेक्षासंग जोडीएको छ । यस गाउँपालिका भित्र उत्पादन हुने खाद्यान्नहरु धान, मकै, गहु, नगदे वालीमा तोरी अदुवा, हलेदो, मह उत्पादन आदि छन् । यो गाउँपालिका अदुवा र मह उत्पादनको पकेट क्षेत्रको रुपमा परिचित गराउन अग्रसर रहेको छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि रहेको र अन्य पेशााहरुमा ब्यापार, रोजगारी, ज्यालामजदुरी गर्नेहरु पनि छन् । गाउँपालिकाको एकिन तथ्यांक नरहे पनि मौषमी रुपमा छिमेकी मुलुक भारत र पछिल्लो समयमा बैदेशिक रोजगारीमा जानेहरुको संख्या पनि बढ्दो क्रममा रहेको पाइन्छ ।

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उद्देश्य :**

**मुख्य उद्देश्य :** लैगिक समानता तथा सामाजिक समाबेशीकरणको अभ्यास तथा प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पुर्ण बिकास योजना, नीति तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धीको समतामुलक बितरण र उपयोगी बनाउने ।

**अन्य उद्देश्यहरु :**

क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी लैंगिक समानता र सबै जातजातीको अर्थपुर्ण सहभागिता गराई लैंगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रबाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी उनीहरुको योजनाबद्ध रुपमा ब्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि मार्फत आर्थिक तथा सामाजिक सशक्तिकरण गरी गाउँपालिकाको बिकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

ग) गाउँपालिकाको योजना र आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको महत्व**

- लैससास परिक्षणले गाउँपालिकाको निति, कानुन, योजना तथा कार्यक्रम र बजेट बाँडफाँड प्रक्रियामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिले सन्तुलन भए नभएको लेखाजोखा गरी लैससासमैत्री बनाउन सुझाव प्रदान गर्दछ ।
- लैससास परिक्षण नतिजाको आधारमा तय गर्ने कार्ययोजनाले गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन सहयोग गर्दछ ।
- लैससास परीक्षणले गाउँपालिकाको बिद्यमान अवस्थाको यथार्थ चित्रण गरी आगामी कार्यदिशा तय गर्न मद्धत गर्दछ । ।
- समष्टीमा लैससास परिक्षणले गाउँपालिकामा बसोबास गर्ने सबै प्रकारका वर्ग, लिंग, जातजाती, उमेर समूह, शारिरिक अवस्था र क्षेत्रका मानिसहरुको सशक्तिकरण गरी उनीहरुलाई समग्र बिकासको मूलप्रबाहमा जोड्न सहयोग पुऱ्याउछ ।

**लैंगिक परिक्षणमा समेटीएका बिषयबस्तुहरु**

लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण परिक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार सरुमारानी गाउँपालिकाको लैससास परिक्षणका ५ वटा मुख्य सुचकहरु अन्तर्गत २२ वटा उपसुचकहरु र १०० वटा सुचकहरुमा आधारीत भई लेखाजोखा गरिएको छ । हरेक मुख्य सुचकको अंक भार २० का दरले ५ ओटाको पुर्णाङ्क १०० छ भने हरेक सुचकककहरुको अंक भार १ राखिएको छ । कार्यबिधिमा ब्यबस्था भए अनुरुप हरेक सुचकमा उल्लेख गरिएका प्रश्नहरुमा पुर्णरुपमा कार्य भएको अवस्थामा अंक १ र आंशिक मात्र कार्य भएकोमा अंक ०.५ र उक्त सुचकमा काम नभएको भएमा ० अंक प्रदान गरिएको छ ।

**मुख्य सुचक र उपसुचकहरु :**

| | |
|---|---|
| नीति, कानुन र योजना | नीति र कानुनमा समाबेशीता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत ब्यबस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्य प्रणाली समाबेशीता |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | बित्त ब्यबस्थापन प्रणालीमा समाबेशीता |
| | तथ्यांक संकलन तथा ब्यबस्थापन |
| मानव शंसाधन तथा क्षमता बिकास | मानव शंसाधन तथा क्षमता बिकास |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना |
| | कानुनी साक्षरता |
| | बिपद ब्यबस्थापनमा समाबेशीता |
| सेवा प्रबाह | पूर्वाधार बिकास |
| | प्रजनन स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार ब्यबस्थापन |
| सुशासन तथा उत्तरदायित्व | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |
| | सुचना तथा संचार |
| | अनुगमन तथा मूल्यांकन |
| | समन्वय र सम्बन्ध बिस्तार |

**लैङ्गिक परिक्षण अबधीमा अवलम्वन गरिएका बिधि तथा तरीकाहरु**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार सरुमारानी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समबेशीकरण परिक्षण क्रममा ३ वटा चरणहरु अवलम्वन गरिएको छ ।

**क) तयारी चरण :**

- **सम्पर्क समन्वय :**

लैससास परिक्षण तयारी चरणमा सरुमारानी गाउँपालिकाको लैससास परिक्षणका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख र प्रशासन शाखा प्रमुखबाट लैससास क्षेत्रमा कार्य गर्ने सम्बन्धीत संस्थासंग समन्वय गरी बिषय बिज्ञ सहजकर्ता छनौट गरिएको थियो । गाउँपालिकाको बार्षिक कार्यायोजना अनुसार

लैससास परिक्षणका लागि सम्बन्धीत सहजकर्ता र स्थानीय तह बिच द्विपक्षिय सहमति गरिएको थियो । गाउँपालिका र सहजकर्ताको सहमतिमा लैससास परिक्षण कार्यक्रमको कार्यशालाको मिति, स्थान र समय व्यबस्थापन गरिएको थियो । गाउँपालिकाका महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतसंगको समन्वयमा लैससास परिक्षण कार्यक्रममा उपस्थितिका लागि गाउँ कार्यपालिका सदस्य, बिषयगत शाखा प्रमुख लगायत अन्य सम्बन्धित सहभागिहरुको सुनिश्चित गरिएको थियो ।

- **प्रारम्भिक सूचना संकलन**

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, प्रसाशन शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखासँग छलफल गरि लैससास परिक्षण कार्यक्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरु संकलन गरिएको थियो । लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण क्रममा पुष्ट्याइका लागि आबश्यक पर्ने स्थानीय नीति तथा ऐन संग्रह, बार्षिक योजना तथा बजेट बिनियोजन अभ्यास, आबधीक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि र अन्य सम्बन्धीत दस्तावेजहरु संकलन गरी अध्ययन गरिएको थियो ।

**(ख) कार्यान्वयन चरण**

- **लैससास परिक्षण कार्यशाला सञ्चालन**

लैससास परिक्षण सम्पन्न गर्न कार्यपालिका र बिषयगत शाखाहरुको सहभागितामा गाउँपालिकासंगको सम्झौतामा तोकिए बमोजिम तोकिएको मिति र समयमा परिक्षण कार्यशाला सम्पन्न भएको थियो । उक्त कार्यशालामा लैससास परिक्षण अबधारणा र बिधि, प्रक्रिया बारे अभिमूखिकरण पश्चात मुख्य सुचक, सहायक सुचक र हरेक सुचकहरुमा समूह अभ्यास मार्फत स्व मुल्यांकन गरीएको थियो । लैससास परिक्षण कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु र बिषयगत शाखाका प्रमुखको सक्रिय सहभागिता रहेको थियो ।

लैससास परिक्षण सुचक लेखाजोखा तथा प्रश्नावलीहरुमा अंक प्रदान

लैससास परीक्षण दिग्दर्शन २०७८ अनुरुपका तोकीएका सुचकहरुमा सहभागितामूलक अभ्यासबाट सामूहिक छलफल गरि हरेक सुचकको लेखाजोखा गरिएको थायो । सरुमारानी गाउँपालिकाको बिद्यमान अवस्थाको लेखाजोखाको आधारमा उपयुक्त अंक प्रदान गरिएको थियो । गा.पा.को बिद्यमान अवस्था र अभ्यासको लेखाजोखा गरी पुष्ट्याइका प्रमाणहरुको आधारमा सहभागिहरुबाट १ वा ०.५ वा ० अंक प्रदान गर्न सहजकर्ताबाट सहजिकरण गरिएको थियो ।

- **सवल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण**

लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा गाउँपालिकाले निर्माण गरेका कानुन तथा नीति र कार्यबिधिहरु साथै अवलम्बन गरेका अभ्यासहरुको लेखाजोखाबाट प्राप्त नतिजाको आधारमा सवल पक्षहरुलाई निरन्तरता दिने गरी आगामी दिनमा सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरि

यथार्थ चित्रण उजागर गरिएको थियो । गाउँपालिकाको लैससास संबेदनशिलताको बिद्यमान अवस्था बिश्लेषण गरी सुधारका उपायहरु पहिँचान गर्न SWOT बिश्लेषणले सहयोग पुगेको छ ।

- **कार्ययोजना तयारी**

गाउँपालिकाको लैससास परिक्षणबाट प्राप्त परिणामका आधारमा सवल पक्षहरुलाई कायमै राखी सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरि बार्षिक कार्ययोजना तयार गरिएको छ । उक्त कार्ययोजनामा गाउँपालिकाले आगामी १ बर्ष भित्र सम्पन्न गर्नसक्ने क्रियाकलाप, योजना पारित गराउने पहलकर्ता, निर्णयकर्ता र कार्यान्वयनको जिम्मेवारी सहित समय र थप दायित्व आबश्यकताका बारेमा अनुमान गरी अभिलेखिकरण गरिएको छ ।

**(ग) प्रतिवेदन चरण**

लैससास परिक्षण सुचकहरुको लेखाजोखाबाट सहभागीहरुले हरेक प्रश्नावलीहरुमा दिएको अंकको आधारमा प्राप्त नतिजालाई तालीका, माकुरी जालो र बारग्राफद्धारा प्रस्तुत गरिएको छ । त्यसैगरी गाउँपालिकाको SWOT Analysis गरी सवल पक्षलाई निन्तरता दिने प्रतिबद्धता जनाउदै सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरी आगामी कार्ययोजना समेत तयार गरीएको छ । लैससास परिक्षण कार्यशाला गोष्ठीका क्रममा आएको नतिजालाई कार्यपालिका समक्ष प्रस्तुत पश्चात प्राप्त सुझावहरुलाई समाबेश गरी अन्तिम प्रतिबेदन तयार गरिएको छ ।

**लैङ्गिक परिक्षणका सहभागीहरु :**

मिति २०८०।१२।२६ गते सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को लैससास परिक्षण कार्य सम्पन्न भएको छ । लैससास परिक्षणका लागि दिग्दर्शनमा उल्लेख भए बमोजिम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु र सबै बिषयगत शाखा प्रमुखहरुको सहभागिता रहेको थियो । लैससास परिक्षण कार्यशालामा सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण निम्न तालीकामा उल्लेख गरिएको छ ।

**लैससास परिक्षण कार्यशालामा सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण**

| न.पा./गा.पा. | दलित | | जनजाती | | बा.क्षे. | | अन्य | | जम्मा महिला | जम्मा पुरुष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| सरुमारानी गा.पा. प्यूठान | २ | २ | ५ | ६ | ३ | १२ | ० | १ | १० | २१ | ३४ |

**लैससास परिक्षणका औजारहरु :**

- माकुरी जालो बिश्लेषण
- बार ग्राफ बिश्लेषण
- तालीकाद्धारा अंक बिश्लेषण तथा कार्ययोजना प्रस्तुत
- सवल पक्ष, सुधार गर्नु गर्ने पक्ष, अवसर र चुनौतीहरु बिश्लेषण (SWOT Analysis)

**लैससास परिक्षणबाट प्राप्त मुख्य उपलब्धीहरु :**

- लैससास परिक्षणलाई निरन्तरता दिनका लागि सरुमारानी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित लैससास परिक्षण कार्यदल पुनर्गठन गरिएको छ ।
- गाउँपालिका स्तरको लैससास कार्यान्वयन समिति पुनर्गठन गरी क्रियाशिल बनाउने प्रतिबद्धता जनाइएको छ ।
- लैससास परिक्षणको नतीजाले लैससास क्षेत्रमा सरुमारानी गाउँपालिकाको बिद्यमान कानुन तथा नितिगत ब्यबस्था र वर्तमान अभ्यास तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु स्थानीयकरण गरी कार्यान्वयन अवस्था बारेमा यथार्थ चित्रण गरी लैससासमैत्री बनाउन ध्यानाकर्षण भएको छ ।
- स्थानीय तहको नीति कानुन, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लैङ्गिक तथा समाबेशी सहभागीताको लागि स्पष्ट कार्यनिति हुनुपर्ने कुरामा गाउँपालिकाको ध्यानाकर्षण भएको छ ।
- गाउँपालिकामा स्तनपान कक्ष ब्यबस्थापन र महिला सौचालयमा डस्टवीन र सेनीटरी प्याडको तत्काल ब्यबस्थापन गर्ने प्रतिबद्धता जनाइएको छ ।
- कार्यस्थलमा हुनसक्ने यौनजन्य दुरब्यबहार, बिभेद तथा हिंसा बिरुद्ध सुन्य सहनसिलता अवलम्बन गर्न गाउँपालिकाकाले आचार संहिता वा निर्देशिका बनाई लागु गर्ने प्रतिबद्धता जनाएको छ ।
- योजना तर्जुमा तथा कार्यान्वयन चरणलाई सहभागितामूलक र समाबेशी बनाउन सकेमा लक्षीत बर्गले प्रत्यक्ष लाभ पाउन सक्ने बिषयमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ ।
- लैंससास परिक्षणबाट प्राप्त सुधार गर्नु पर्ने पक्षहरु क्रमश सम्बोधन हुने गरी बार्षिक कार्ययोजना बनाइ लागुगर्ने कुरामा गाउँपालिकाबाट प्रतिबद्धता जनाइएको छ ।
- गाउँपालिकाले लैंगिक उत्तरदायी बजेट निर्माण गर्नुपर्ने कुरमा ध्यानाकर्षण भएको छ ।

**लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको नतिजा :**

लैससास परिक्षण दिग्दर्शन २०७८ बमोजिम सरुमारानी गाउँपालिकाका अभ्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरु र बिषयगत शाखा प्रमुखहरुको सहभागितामा ५ वटा मुख्य सुचक तथा २२ वटा उपसुचक अन्तर्गतका १०० वटा प्रश्नहरुमा आधारीत भएर स्वमूल्यांकन गरिएको छ । सहभागितामूल अभ्यासबाट स्व मुल्यांकन गरी अंक प्रदान गरिएको छ । स्व मुल्यांकन क्रममा यस गाउँपालिकाले लैससास क्षेत्रमा सुचकमा उल्लेख भएका बुँदाहरुमा पुर्णत काम गरेको भए अंक १, पमध्ययम वा आशिक काम भएकोमा अंक ०.५ र कुनैपनि काम भएको छैन भने ० अंक दिइएको छ । हरेक सुचकहरुको प्राप्तांकलाई मुख्य सुचकमा संयोजन गरी आएको नतीजालाई तालीका, माकुरी जालो र बारग्राफद्धारा प्रस्तुत गरिएको छ । लैससास परिक्षण नतिजाको आधारमा सरुमारानी गाउँपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु पहिँचान (SWOT Analysis) भएको छ । सवल पक्षलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुने गरी कार्ययोजना निमार्ण गरिएको छ ।

**लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजा बिश्लेषण :**

**क) लैससास मुख्य सुचक बिश्लेषण तालीका सरुमारानी गाउँपालिका सल्यान**

| सरुमारानी गा.पा. प्यूठानको लैससास परिक्षण मुख्य सुचक बिश्लेषण नतिजा | | | |
|---|---|---|---|
| **मुल विषय सुचक** | **सुचक नम्वर** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** |
| नीति कानून योजना | १.१.१–१.१.८,१.२.१–१.२.८,१.३.१–१.३.४, | २० | १३ |
| संस्थागत व्यवस्था | २.१.१–२.१.४, २.२.१–२.२.४,२.३.१–२.३.४,२.४.१–२.४.४, २.५.१–२.५.४ | २० | १३.५ |
| मानव संशाधन तथा क्षमता विकास | ३.१.१–३.१.८, ३.२.१–३.२.४, ३.३.१–३.३.४, ३४.१–३.४.४ | २० | १२ |
| सेवा प्रवाह | ४.१.१–४.१.४, ४.२.१–४.२.४, ४.३.१–४.३.४,४.४.१–४.४.४, ४.५.१–४.५.४ | २० | १२.५ |
| सुशासन तथा उत्तरदायित्व | ५.१.१–५.१.४, ५.२.१–५.२.४, ५.३.१–५.३.४, ५.४.१–५.४.४, ५.५.१–५.५.४ | २० | १३ |
| | **कुल प्राप्तांक** | **१००** | ६४ |

**ख) लैससास परिक्षण मुख्य सुचकमा प्राप्तांकको माकुरी जालो बिश्लेषण सरुमारानी गाउँपीलक**



ग) लैससास परिक्षण मुख्य सुचकमा प्राप्तांक बारग्राफद्धारा बिश्लेषण सरुमारानी गाउँपालिका




घ) लैससास परिक्षण उप सुचकमा प्राप्तांक तालीका सरुमारानी गाउँपालिका

| सि.नं. | | पुर्णाङ्क | प्राप्ताङ्क | सु.नं. | सहायक विषय सुचकहरु | कुल अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| १ | **नीति, कानुन र उयोजना** | २० | १३ | १.१ | निति कानूनमा समाबेशीता र सहभागिता | ८ | ५.५ |
| | | | | १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५ |
| | | | | १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| २ | **संस्थागत व्यबस्था** | २० | १३ | २.१ | कर्मचारी तथा पदाधीकारी प्रतिनिधित्व | ४ | २.५ |
| | | | | २.२ | कार्यप्रणालीमा समाबेशी | ४ | २ |
| | | | | २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| | | | | २.४ | वित्त व्यवस्थापन प्रणालीमा समाबेशी | ४ | ३.५ |
| | | | | २.५ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| ३ | मानव संशाधन र | २० | १२ | ३.१ | मानव संशानधन तथा क्षमता विकास | ८ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षमता बिकास | | | ३.२ | अनौपचारिक मूल्य मान्यता र कुशंस्कार विरुद्ध जनचेतना | ४ | २ |
| | | | | ३.३ | कानूनी साक्षरता | ४ | २.५ |
| | | | | ३.४ | विपद व्यवस्थापनमा समाबेशीता | ४ | २.५ |
| ४ | सेवा प्रबाह | २० | १२.५ | ४.१ | पुर्वाधार विकास | ४ | २.५ |
| | | | | ४.२ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| | | | | ४.३ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | | | | ४.४ | खानेपानी तथा सरसफाई | ४ | २.५ |
| | | | | ४.५ | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | १.५ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १३ | ५.१ | सुशासन | ४ | ३ |
| | | | | ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| | | | | ५.३ | सुचना तथा संचार | ४ | ३ |
| | | | | ५.४ | अनुगमन तथा मूल्यांकन | ४ | १.५ |
| | | | | ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ | २ |
| | | | | | जम्मा | १०० | ६४ |

**ङ) लैससास परिक्षण उपसुचकमा प्राप्तांकको माकुरी जालो बिश्लेषण सरुमारानी गाउँपालिका**



**च) लैससास परिक्षण उप सुचक मुल्यांकन नतिजा बारग्राफद्धारा बिश्लेषण सरुमारानी गाउँपालिका**




सरुमारानी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण लेखाजोखा नतिजा अनुसार यस गाउँपालिकाले लैससासको क्षेत्रमा सकारात्मक प्रयासहरु थालनी गरेको पाइन्छ। यस गाउँपालिकाले महिला, दलित जनाजती लगायत सिमान्तकृत बर्ग समुदायको बिकासका लागि बार्षिक नीति तथा कार्यक्रममा समाबेश गरी क्षमता बिकास तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने गरेको छ। लैंगिक, जातीगत, तथा परम्परागत गलत सामाजिक अभ्यासहरुका बिरुद्ध बिभिन्न दिवसिय कार्यक्रमहरुमा सन्देशमुलक क्रियाकलाप गरी जनचेतना जगाउन पहल गरेको छ। जातीय बिभेद अन्त्य तथा सामाजिक न्यायका लागि दलित ऐन निर्माण गरी लागु गरेको छ। त्यसैगरी योजना निर्माण क्रममा समुदाय तहमा गठन हुने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिएको र ४० प्रतिशत सहभागिताको अभ्यास शुरु भएको छ। समाबेशी सहभागितालाइ निरन्तरता दिदै ५० प्रतिशतमा बृद्धि गर्नकालागि गाउँपालिकाले नीतिगत ब्यबस्था गरी सुनिश्चित गर्न सकेमा सबै प्रकारका जातजाती, क्षेत्र, लिंग र पछाडी पारिएका बर्ग, समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउन सहज हुन्छ। गाउँपालिकाको संस्थागत संरचना, शासन प्रणाली र सेवा प्रबाह लैससासमैत्री बनाउन सकेमा लक्षित बर्ग समदायलाई प्रत्यक्ष लाभ हासिल गर्ने सहज वातावरण सृजना हुन्छ। गाउँपालिकाको नीति तथा कानुन निर्माण र पुनरावलोकन तथा परिमार्जन प्रक्रियामा लैससास दृष्टिले सम्बेदनशिलता अपनाउन सकेमा समाबेशी बिकासले सार्थकता पाउन सक्छ।

लैंगिक उत्तरदायी बजेट बिनियोजन प्रणालीको बिकास हुन सकेमा महिला, पुरुष वा योनिक तथा लैंगिक अल्पसंख्यकहरुको ब्यबहारीक तथा रणनीतिक आबश्यकता परिपुर्ति हुने सुनिश्चित गर्न सकिन्छ । गाउँपालिकाले सबै प्रकारका महिला, दलित, अति विपन्न तथा बञ्चितिमा परेका समुदायको समाबेशी बिकास सुनिश्चितताका लागि कूल पुँजीगत बजेटको निश्चित प्रतिशत रकम बिनियोजनको ब्यबस्था गर्न आबश्यक छ। लैससास सम्बन्धी संघिय कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता स्थानीयकरण गर्न क्षमता बिकास सम्बन्धी कार्ययोजना बनाई लागु गर्न आबश्यक छ । अर्थिक गरिवी साथै मानविय गरिवी उन्मुलनका लागि पनि गाउँपालिकाले मानव संशाधन बिकास शाखा मार्फत कार्य योजना बनाई लागु गर्न आबश्यक देखिन्छ । भौतिक पूर्वाधार बिकासको दिगोपनाका लागि पनि मानविय बिकास र सामाजिक बिकासका क्षेत्रमा बार्षिक नीति तथार्यक्रम र बजेट ब्यबस्था गर्न पर्ने देखिन्छ । लैससासमैत्री गाउँपालिका बनाउन बिशेष गरी लैंगिक उत्तरदायी बजेट प्रणालीको बिकास र नियमित लैससास परिक्षण गरी परिक्षणबाट प्राप्त सुझावको आधारमा बनेका योजनाहरु कार्यान्वयन हुन जरुरी छ ।

**छ) गाउँपालिकाको कार्यपालिका टिममा लैंगिक तथा सामाजिक समाबेशी अवस्था बारगाफ र पाइचार्टद्धारा चित्रण**







**सरुमारानी गाउँपालिकाको गाउँसभामा लैंगिक तथा जातीगत प्रतिनिधित्व बिबरण तालीका, बारग्राफ र पाइचार्टद्धारा बिश्लेषण**






गाउँकार्यपालिकामा कार्यरत अधिकृत वा सोन्दा माथिक पदमा कार्यरत कर्मचारीको् लैंगिक अवस्था बिश्लेषण




गाउँ कार्यपालिकाको तथ्यांकिय बिबरण अनुसार लैंगिक तथा समाबेशी सहभागिताको सन्तुलीत रहेको पाइन्छ । त्यसैगरी समाबेशी हिसावले कार्यपालिका तथा वडा तहमा दलित र जनजातीको सन्तुलीत सहभागिता रहेको पाइन्छ । गाउँपालिकाको गाउँसभामा कूल प्रतिनिधित्व ३४ जना मध्ये महिला संख्या ४४ प्रतिशत छ भने गाउँकार्यपालिकामा ४३ प्रतिशत महिला सहभागिता हुनुलाई सकारात्मक अभ्यास भएको मानिन्छ। त्यसैगरी वडा नं. ५ मा वडा अध्यक्ष महिलाले नेतृत्व गरिएको र गाउँपालिकाको दुइ प्रमुख पद मध्ये एक पदमा महिला र एक पदमा जातीय हिसावले दलितले नेतृत्वदायी भूमिका निर्बाह गरिएको छ साथै कार्यपालिका लगायत वडा तहमा पनि दलित, जनजाती र मुश्लिम समुदायको समेत पतिनिधित्व रहनुलाइ समाबेशी हिसावले असल अभ्यास मान्न सकिन्छ । गाउँपालिकाको यस प्रकारको समाबेशी अभ्यासलाई निरन्तरता दिन सकेमा महिला लगायत पछाडी पारिएको बर्ग समुदायको समग्र बिकास प्रक्रियामा मूलप्रबाहिकरण भई समानतामुलक बिकास सम्भव मानिन्छ । त्यसैगरी कर्मचारी तहमा लैंगिक बिश्लेषण गर्दा अधिकृत वा सो भन्दा माथिको तहमा महिला संख्या सुन्य रहेपनि केही बिषयगत शाखा प्रमुख र पाँचौ तह वा सो भन्दा तलका पदमा करीव ३३ प्रतिशत महिला कर्मचारीले जिम्मेवारी बहन गरेको पाइन्छ । यसरी हेर्दा पदिय हिसावले न्यून रहेपनि जिम्मेवारीका हिसावले महिलाहरु पनि निर्णय गर्ने भूमिकामा रहेको पाइन्छ ।

| सरुमारानी गाउँपालिकाको लैंससास सुचक बिश्लेषण तालीका : | | | | | | |
|---|---|---|---|---|---|---|
| विषयगत क्षेत्र १ : नीति र कानूनमा समावेशीता सहभागीता | | | | | | |
| अवस्था | राम्रो | मध्यम | अति कमजोर | पुर्ण अंक | प्राप्तांक | प्रामाणित गर्ने आधारहरु आधारहरु |
| नीति कानुनमा समाबेशीता तथा सहभागिता | | | | | | |
| १.१.१ | १ | – | – | १ | १ | ▪ बिधान समिति समाबेशी छ, कार्यपालिकाबाछट स्विकृत कानुन तथा नीतिका दस्तावेजहरुको अभिलेख छ । |
| १.१.२ | – | ०.५ | – | १ | ०.५ | ▪ नीति तथा कानुन पारित गर्नु पूर्व छलफल हुने तर लैससासमैत्री भए नभएको बिश्लेषण वा लेखाजोखा नभएको । |
| १.१.३ | १ | – | – | १ | १ | ▪ आबधिक योजना र बार्षिक नीति तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण बिषय समाबेश भएको छ । |
| १.१.४ | १ | – | – | १ | १ | लैससास नीति र रणनीति छ । लैससास परिक्षणका लागि बजेट बिनियोजन भएको छ । |
| १.१.५ | – | ०.५ | – | १ | ०.५ | स्थानीय तहमा हुने बिभेदजन्य कार्य रोक्न बार्षिक नीति कार्यक्रममा उल्लेख गरेको र केही कार्यक्रम भएको छ, छुट्टै स्पष्ट प्राबधान छैन । |
| १.१.६ | १ | – | – | १ | १ | संघिय काननु अनुसार न्यायिक समिति छ । आबश्यक बजेट विनियोजन भएको छ । उजुरी पेटीका र उजुरी तथा न्याय सम्पादनका निर्णयहरु अभिलेखित छन । |
| १.१.७ | – | ०.५ | – | १ | ०.५ | गाउँपालिकाका योजनामा समान ज्याला लागु छ । तर श्रम सम्बन्धी बिभेद रोक्ने अलग्गै प्राबधान वा अनुगमन प्रतिबेदन छैन |
| १.१.८ | ० | – | – | १ | ० | गाउँपालिकाको अलग्गै श्रम निति वा श्रममा बिभेद रोक्ने निर्णय दस्ताबेज नभएको । |
| **जम्मा** | ४ | **१.५** | | ८ | **५.५** | |
| **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.२.१ | १ | – | – | १ | १ | गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रममा लैससास नीति उल्लेख गर्ने गरेको र बार्षिक योजना तथा बजेटमा लक्ष्य तथा उद्देश्य समाबेश गर्ने गरेको छ । |
| १.२.२ | – | ०.५ | – | १ | ०.५ | पछाडी पारिएको लक्षीत बर्ग समुदायलाई समग्रमा फाइदा हुनेगरी बजेट बिनियोजन भएको छ, तर अवस्था बिश्लेषण गरी निश्चित प्रतिशत छुट्याउने नगरेको । |
| १.२.३ | १ | – | – | १ | १ | वडा भेलामा समाबेशी सहभागिता भई समुदायबाट माग भई आएका योजना नै प्राथमिकतामा राख्ने गरेको योजना छनौट सुची अभिलेखित छ । |
| १.२.४ | – | – | ० | १ | ० | योजना तर्जुमा गर्दा महिला पुरुषको ब्यबहारीक र रणनितिक आबश्यकता पहिँचान गरेको अभिलेख छैन । |
| १.२.५ | – | – | ० | १ | ० | मौखिक रुपमा छलफल हुन्छ तर लक्षीत बर्ग समुदायको अलग अलग अबस्था बिश्लेषण गरेको प्रमाण छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.६ | - | ०.५ | - | १ | ०.५ | दिगो बिकास लक्ष्य हासलि गर्ने गरी कार्यक्रम रहेपनि दिगो बिकास लक्ष्य नं.५ किटान गरी स्थानीयकरण गरेको दस्ताबेज छैन । |
| १.२.७ | १ | - | - | १ | १ | गाउँसभाबाट बार्षिक योजना र बजेट बिनियोजन गर्दा महिला, दलित लगायतका लक्षीत समुदायको लागि प्रत्यक्ष लाभ पुराउन प्रयास गरिएको छ । |
| १.२.८ | १ | - | - | १ | १ | उपभोक्ता समितिमा ४० प्रतिशत महिला र समाबेशी सहभागिता अभ्यास लागु भएको र मुख्य पदमा १ महिला अनिवार्य लागु छ । |
| **जम्मा** | ४ | १ | | ८ | ५ | |
| **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.३.१ | - | ०.५ | - | १ | ०.५ | गरिवी नक्सांकन तथा बेरोजगार तथ्यांक संकलन दस्ताबेज छैन तर उनीहरुका लागि मेड्पा कार्यक्रम मार्फत कार्यक्रमा र बजेट छ । |
| १.३.२ | १ | - | - | १ | १ | लैससास परिक्षण नियमित गरिएको प्रतिबेदन अभिलेखित छ । |
| १.३.३ | - | ०.५ | - | १ | ०.५ | कार्ययोजना कार्यान्वयनको अभ्यास भएपनि लैससास क्षेत्रमा सुधारका लागि पर्याप्त बजेट बिनियोजन हुन नसकेको । |
| १.३.४ | - | ०.५ | - | १ | ०.५ | महिला क्षेत्रमा बजेट बिनियोजन गरिएको तर नीतिगत रुपमा लागि निश्चित प्रतिशत बजेट छुट्याएको प्रमाण छैन । |
| **जम्मा** | **१** | **१.५** | **-** | **४** | **२.५** | |
| **विषयगत क्षेत्र २ संस्थागत व्यवस्था** | | | | | | |
| **कर्मचारी पदाधीकारी प्रतिनिधीत्व** | | | | | | |
| २.१.१ | - | ०.५ | - | १ | ०.५ | कूल कर्मचारीमा महिला पुरुष बराबरी जस्तो भएपनि निर्णयक पदमा बराबरी छैन त्यसैगरी पदाधीकारीमा उपाध्यक्ष र वडा नं ५ को वडा अध्यक्षमा महिला रहेको पाइयो । |
| २.१.२ | १ | - | - | १ | १ | करार कर्मचारी भर्ना सम्बन्धी कार्यबिधि छ , स्थानीयलाई प्राथमिकताको ब्यबस्था छ गाउँनगर पहरी ऐनमा स्पष्ट खुलाएको छ । करारमा भर्ना गर्ने स्वास्थ्यकर्मी र शिक्षकमा महिला कर्मचारी संख्या बढी समाबेश गरिएको छ । |
| २.१.३ | १ | - | - | १ | १ | सबैले नेपाली भाषा बोल्ने र बुझ्ने भएकोले छुट्टै भाषाको आबश्यकता छैन । |
| २.१.४ | - | - | ० | १ | ० | क्षमता बिकास कार्यक्रम गर्दा जनप्रतिनिधी तथा कर्मचारीलाई समान अवसर र लक्षितलाई अग्रभागमा राख्ने गरी कुनै ब्यबस्था वा निर्णय नभएको । । |
| **जम्मा** | **२** | **०.५** | **-** | **४** | **२.५** | |
| **समावेशी कार्य प्रणाली** | | | | | | |
| २.२.१ | - | ०.५ | - | १ | ०.५ | लैससास नीति र रणनीति छ । महिला र पुरुषको असमानता हटाउन र समाबेशीकरण बढाउन छुट्टै कार्यनीति छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२.२ | १ | – | – | १ | १ | लैससास इकाई छ। महिला बालबालिका तथा जेष्ठ नागरीक शाखाले लैससासको कार्य गरेको छ। |
| २.२.३ | – | – | ० | १ | ० | कार्यालयमा हुन सक्ने दुरब्यबहार, बिभेद र हिंसा बिरुद्ध आचारसंहिता बनाएको छैन। |
| २.२.४ | – | – | ० | १ | ०.५ | लैससास कार्यान्वयन समिति गठन छ। पुनर्गठन भई क्रियाशिल छैन। समग्र योजनाको भैतीक उपलब्धी अनुगमन हुन्छ तर लैससास कार्यान्वयन समितिले लैससास बिषयमा सुझाव दिने वा वडा तहमा अनुगमन गर्ने गरेको अभिलेख छैन। |
| **जम्मा** | **१** | **०.५** | **–** | **४** | **२** | |
| **समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | | |
| २.३.१ | १ | – | – | १ | १. | बिषयगत सबै समितिहरु समाबेशी भएको अभिलेख राखिएको छ। |
| २.३.२ | १ | – | – | १ | १ | स्वस्थ निर्णय प्रक्रिया लागु छ। आवाज सुनुवाईको अवसर हुन्छ। महिला जनप्रतिनिधिबाट नै स्वस्थ ढंगले आवाज राख्न सकिने भनाइ आएको। |
| २.३.३ | – | ०.५ | – | १ | ०.५ | उपसमिति र कार्यदलबाट समग्रमा अनुगमन प्रतिबेदन दिने गरिन्छ तर लिखित रुपमा लक्षीत बर्ग समुदायले लाभ पाए नपाएको बिश्लेषण सहित सुझाव दिने गरेको अभिलेख छैन। |
| २.३.४ | – | ०.५ | – | १ | ०.५ | लैससासा बिषयमा बिश्लेषण तथा प्रभाव मुल्यांकन प्रतिबेदन र सुझाव दिएको कुनै अभिलेख छैन। |
| **जम्मा** | **२** | **१** | **–** | **४** | **३** | |
| **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता** | | | | | | |
| २.४.१ | १ | – | – | १ | १ | लैंगिक हिंसा निवारण कार्य बिधि र अलग्गै कोष छ। महिला सिप बिकास तथा नेतृतव बिकासका कार्यक्रम संचालन भएको छ। |
| २.४.२ | १ | – | – | १ | १ | लक्षीत समुदायहरुको पालिका स्तरीय सञ्जाल गठन गरी उनीहरुको सशक्तिकरणको लागि योजना तथा बजेट बिनियोजन भई कार्यान्वयन भएको छ। |
| २.४.३ | – | ०.५ | – | १ | ०.५ | लैंगिक बिकास डेस्क ब्यबस्था गरेपनि आबश्यक जनशक्ति र ब्यबस्थापनका लागि बजेट छैन। |
| २.४.४ | १ | – | – | १ | १ | कम्प्युटरकृत लेखा प्रणाली छ। सो प्रणालीले समाबेशी सचना प्रबाह गर्ने गरेको छ। वेब साइड, फेसबुकको प्रयोग, सबै वडामा सुचना टाँस आदि। |
| **जम्मा** | **३** | **०.५** | **–** | **४** | **३.५** | |
| **तथ्याकं संकलन तथा व्यवस्थापन** | | | | | | |
| २.५.१ | – | ०.५ | – | १ | ०.५ | गाउँपालिकाको प्रोफाइल छ। तर खण्डिकृत तथ्यांक सहित अद्यावधीक गरेको छैन। |
| २.५.२ | – | ०.५ | – | १ | ०.५ | गरिवीको तथ्यांक छ तर बेरोजगार र गरिवी पहिँचान तथा नक्सांकन गरेको छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.५.३ | – | ०.५ | – | १ | ०.५ | प्रोफाइल आधार मानेर योजना बनाउने गरेको तर खण्डिकृत तथ्यांक संकलनको आधारमा योजना बनाएको अभिलेख छैन । |
| २.५.४ | १ | – | – | १ | १ | पञ्जिकरण शाखा ब्यबस्थीत छ । |
| **जम्मा** | १ | १.५ | | ४ | २.५ | |
| **विषयगत क्षेत्र ३ मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| ३.१.१ | १ | – | – | १ | १ | गाउँपालिकाको क्षमता बिकास योजनामा बजेट बिनियोजन गर्ने गरेको छ । |
| ३.१.२ | – | ०.५ | – | १ | ०.५ | कर्मचारी र पदाधीकारीले लैससास बिषय तालीम संचालन भएको छ तर सबैको समाबेशी सहभागिता भए नभएको अनुपात बिश्लेषण गरेको अभिलेख छैन । |
| ३.१.३ | १ | – | – | १ | १ | तलिममा लैससास बिषय प्रति संबेदन शिल हुने गरेको र अन्य बिषयगत शाखाहरु जस्तै लघुउद्यम, बन वातावरण आदिमा पनि लैससास बिषयमा अभिमूखिकरण योजना तथा बजेट बिनियोजन गरिएको छ । |
| ३.१.४ | – | ०.५ | – | १ | ०.५ | जनप्रतिनिधीहरुलाई नेतृत्व क्षमता बिकासका तालीम संचालन भएको छ, लक्षीत समूहका लक्षित समूहका लागि प्राबिधिक तथा क्षमता बिकास तालिम केहीलाई मात्र भएको छ । |
| ३.१.५ | – | ०.५ | – | १ | ०.५ | गाउँपालिकामा लैससास बिषयमा तालीम दिन सक्ने मानव स्रोत छ । तर के कती छ भनी रोस्टर तयार गरी अभिलेख राखिएको छैन । |
| ३.१.६ | १ | – | – | १ | १ | प्रसाशन शाखालाई मानव संशाधन क्षेत्र हेर्ने गरी जिम्मेवारी दिइएको छ । सो काम प्रसाशन शाखाले गर्ने गरेको छ । |
| ३.१.७ | – | – | ० | १ | ० | लोकसेवा पूर्व तयारी कक्षा संचालन गरिएको छैन । |
| ३.१.८ | – | ०.५ | – | १ | ०.५ | बेइजिङ घोषणापत्र बारे कर्मचारी तथा पदाधिकारीलाई सामान्य जानकारी भएपनि यस बारे तालीम तथा अभिमूखिकरण गर्न कार्यक्रम, योजना बजेट छैन । |
| जम्मा | **३** | **२** | **–** | **८** | **५** | |
| **अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना** | | | | | | |
| ३.२.१ | – | ०.५ | – | १ | ०.५ | लैंगिक हिंसा बिरुद्ध १६ दिने अभियान र दिवसयि कार्यक्रम संचालन भएको छ , लैंगिक हिंसा बिरुद्ध समुदाय तहसम्म पर्याप्त कार्यक्रम छैन । |
| ३.२.२ | – | – | ० | १ | ० | लैंगिक हिंसा रहित वडा वा गाउँपीलका घोषणा गरेको छैन । |
| ३.२.३ | – | ०.५ | – | १ | ०.५ | गाउँपालिका स्तरमा जातीय बिभेद सम्बन्धी सचेतना तालीम र लैंगिक हिंसा बिरुद्ध अभियान र दिवसिय कार्यक्रम छन, पर्याप्त छैन । |
| ३.२.४ | १ | – | – | १ | १ | जातीय बिभेद बिरुद्ध गाउँपालिकाको ऐन बनेको छ । असमानता, बाल बिबाह बिरुद्ध अभियान कार्यक्रम संचालन भएको छ । |
| **जम्मा** | **१** | **१** | **–** | **४** | **२** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कानूनी साक्षरता** | | | | | | |
| ३.३.१ | – | ०.५ | – | १ | ०.५ | न्यायिक समिति लगायत मेलमिलापकर्ता र केही जनप्रतिनिधी तथा कर्मचारीलाई न्यायिक बिषय र कानुन बिषयमा तालिम संचालन भएको तर सबैका लागि नभएको । |
| ३.३.२ | – | ०.५ | – | १ | ०.५ | कानुन मस्यौदा बारे प्रमुख प्रशासकिय अभिकृत लगायत केही जनप्रतिनिधलाई अभिमूखिकरण गरिए पनि सबै बिषयगत शाखा प्रमुख र जनप्रतिनिधिलाई नभएको । |
| ३.३.३ | १ | – | – | १ | १ | महिला कानुनी शिक्षा बारे सबै वडामा तालीम कार्यक्रम संचालन भएको छ, |
| ३.३.४ | – | ०.५ | – | १ | ०.५ | कानुनी हक अधिकार बारे कुनै तालमि वा कानुनी शिक्षा संचालनबाट अधिकांसले लाभ लिएको भनिएपनि के कतिले लाभान्वीत भएको बारेमा अनुगमन प्रतिबिदन छैन । |
| **जम्मा** | **१** | **१.५** | **०** | **४** | **२.५** | |
| **विपद व्यवस्थापनमा समावेशिता** | | | | | | |
| ३.४.१ | – | ०.५ | – | १ | ०.५ | बिपद ब्यबस्थापन कार्यबिधि छ, समिति समाबेशी छ तर कार्यबिधि स्विकृत गर्दा लक्षीत समूहसंग छुट्टै परामर्श नगरिएको र लक्षीत समूह तथा महिला र पुरुषका लागि अलग अलग संरक्षणको प्राबधान नभएको ।। |
| ३.४.२ | – | ०.५ | – | १ | ०.५ | खण्डिकृत तथ्यांक संकलन गर्ने गरिएको छैन । राहातका कार्यक्रमहरु पिडित परिवार अनुसार एकमुष्टमा दिने गरेको । |
| ३.४.३ | – | ०.५ | – | १ | ०.५ | राहात दिने गरेको तर महिला तथा बञ्चित बर्ग समुदायलाई पहिलो प्राथमिकता दिने बिषय किटानी नगरीएको । |
| ३.४.४ | १ | – | – | १ | १ | बिपद कोष स्थापना केन्द्रको नीति अनुसार हुने र सोही अनुरुप लागु भएको छ । |
| **जम्मा** | **१** | **१.५** | **–** | **४** | **२.५** | |
| **विषयगत क्षेत्र ४ सेवा प्रवाह** | | | | | | |
| **पुर्वाधार विकास** | | | | | | |
| ४.१.१ | – | ०.५ | – | १ | ०.५ | ड्रइङ डिजाइन भएको भनिए पनि निर्माण पश्चात लैससासमैत्री हुनेगरी नक्सा स्विकृत गर्ने नगरेको । |
